# धारापानी घुमाउनेडाँडा सामुदायिक वन उपभोक्ता समूह

## ब्यास न.पा. ११, तनहूँ

## वन पैदावार वोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति :- ०८३/०२/११**
**(नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

यस सामुदायिक वन उपभोक्ता समूहवाट आ.व. ०८२/०८३ मा संकलन गरी घाटगद्धी गरिं राखेको तपसिल बमोजिमको वन पैदावार हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा समूह वाहिर लिलाम प्रकृयाद्धारा बिक्री वितरण गर्ने भनी समूहको निर्णय वमोजिम डिभिजन वन कार्यालय, तनहूंको च.नं. २०७४ मिति २०८३/०२/०७ को लिलाम सहमति पत्र अनूसार उक्त वन पैदावार लिलाम विक्रीको लागि प्रथम पटक यो २१ दिने सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आधारित सुचिकृत उद्योग वा फर्मलाई तपशिलका शर्तहरु पूरा हूने गरी गोप्य सिलबन्दी वोलपत्र दाखिला गर्न आब्हान गरिन्छ ।

**तपसिल**

**१) वन पैदावारको विवरण :**

| वन पैदावारको | | | | | | मुल्यांकन रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | हर्ट उड परिमाण (क्यु.फिट) | १.४ ले गुणन गर्दा हुने परिमाण (क्यु.फिट) | न्यूनतम मूल्य रु. (मु.अ.कर वाहेक) | संकलन खर्च रु. | |
| १ | खयर | - | ६७७ | ६६२.८५ | ९२७.९९ | ९,२७,९९०/- | ३,२४,७९५/- | |

(२) बोलपत्र खरिद गर्ने, अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र समय तथा खोल्ने मिति र समय :
(क) वोलपत्र खरिद गर्ने मिति र समय : २०८३/०३/०१ गते दिनको ५ वजेसम्म ।
(ख) वोलपत्र पेश गर्ने मिति र समय : २०८३/०३/०२ गते दिनको १२ वजेसम्म ।
(ग) वोलपत्र खोल्ने मिति र समयः २०८३/०३/०२ गते दिनको २ वजे । उक्त दिन विदा परेमा सो को भोलिपल्ट हुनेछ।

(३) वोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल वैंक लि. दमौलीमा रहेको खाता नं. ०६०००१००३३४३०६००००२ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

(४) वोलपत्र फारमको रु. १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, तनहूँबाट खरिद गर्न सकिनेछ । फाराम दस्तुर वैंक स्थित खातामा दाखिला गर्नु पर्नेछ ।

(५) लिलाम हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धिस्थानमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन ईच्छुक काष्ठ ब्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ ब्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, वनपैदावारमा आधारित उद्योग सूचिकृत प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/०३/०२ गते दिनको २ बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधी लगायतका साक्षीहरुको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, प्रदेश सेवा शुल्क र संकलन खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयमा जम्मा नगरे धरौटी जफत गरी क्रमश अर्को बोलपत्र सदर गरिनेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ

(१०) वोलपत्र पेश गर्ने र खोल्ने स्थान यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा हुनेछ ।

(११) वोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समुहमा रहेनेछ ।

(१२) माथि उल्लेखित शर्त पूरा नभई आएका बोलपत्रलाई मान्यता दिइने छैन ।

(१३) यसमा कुनै कुरा अस्पष्ट भएमा प्रचलित वन ऐन नियम अनुसार हुनेछ । अन्य थप जानकारीको लागि समूहको कार्यलयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

(खुदराज दुरा)
अध्यक्ष